# मिति २०७६ कार्तिक ८ गतेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु

निर्णय नं. १

समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ बमोजिम देहायका आयोजनाहरु स्वीकृतीका लागि संघीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

रकम रु हजारमा

| समपुरक अनुदान | | | | |
|---|---|---|---|---|
| क.सं. | आयोजनाको नाम | कुल लागत | लगत सहभागिता | |
| | | | संघ | नगरपालिका |
| १ | सडक तथा नाली निर्माण कार्य, सि.न.पा. ३ दर्खसवा, सिद्धार्थ यातायात कार्यालयको पश्चिम | १०००० | ५००० | ५००० |
| २ | बिपन्न परिवारका लागि मेयर आवास कार्यक्रम (३५ गोटा भवन निर्माण कार्य) नगरका बिभिन्न वार्डहरु | २०७६३ | १०३८२ | १०३८१ |
| ३ | सडक तथा नाली निर्माण कार्य, सि.न.पा. ८ रविपथ देखि दक्षिण जाने सडक तथा वडा नं. १० देखि ११ जोड्ने लिंक सडक | १०४१४ | ५२०७ | ५२०७ |

रकम रु हजारमा

| विशेष अनुदान | | | | |
|---|---|---|---|---|
| क.सं. | आयोजनाको नाम | कुल लागत | लगत सहभागिता | |
| | | | संघ | नगरपालिका |
| १ | नगरपालिका भित्र न्यून साक्षरता भएका क्षेत्रका क्षेत्रका विद्यालयहरुमा कम्प्युटर शिक्षा प्रणालीको विकासका लागि विशेष कार्यक्रम | ६००० | ६००० | ० |

**निर्णय नं. २**

देहायका कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

क) पत्रकारिता अक्षयकोष व्यवस्थापन कार्यविधि, २०७६

ख) भाषा साहित्य कला र संस्कृति सम्बन्धी सम्बन्धी अक्षयकोष व्यवस्थापन कार्यविधि २०७६

ग) सिद्धार्थनगर नगरपालिकाको खेलकुद तथा खेलाडी अक्षयकोष व्यवस्थापन कार्यविधि २०७६

२०७६।८।८

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

**निर्णय नं. ३**

नगरपालिकाको शिक्षा समितिको मिति २०७६।४।३ को बैठकको सिफारिस अनुसार देहायका विद्यालयहरुलाई शैक्षिक सत्र २०७६ बाट कक्षा ११ मा थप विषय अध्यापन गर्न स्वीकृती दिने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विद्यालयको किसिम | अनुमति दिएको थप विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | साइग्लोबल एकेडेमी | सि.न.पा ८ | संस्थागत | कम्प्यूटर विज्ञान | |
| २ | न्यू इरा इंगलिस बोर्डिङ्ग से. स्कूल | सि.न.पा. १२ | संस्थागत | कम्प्यूटर विज्ञान र कानून | |
| ३ | जेसिस बो. स्कूल | सि.न.पा. ८ | संस्थागत | शिक्षा | |

**निर्णय नं. ४**

सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ४ गते दिनको २ बजे बस्ने निर्णय गरियो । उक्त दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुल्ने दिनमा बस्ने । उक्त दिन नगर प्रमुखज्यूको कुनै विशेष कार्य परी बैठक हुन नसकेमा नगर प्रमुखज्यूको आदेशानुसार अर्को मिति तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

मायादेवी इन्भेष्टमेन्ट प्रा.लि बु.न.पा. को च.नं. ०७६।७७/०२ मिति २०७६।६।३ को स्थानीय क्षेत्रमा फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन अवलोकन भ्रमण सम्बन्धी अनुरोध बमोजिम यस नगरपालिकाका नगर उपप्रमुख श्री उमा काफ्लेको मिति २०७६ आश्विन २४ देखि कार्तिक ३ गतेसम्म भारतको मुम्बइ, हरियाणा, अहमदावाद, गोवा, दिल्ली र पूर्णेमा भएको अवलोकन भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

राजश्व परामर्श समितिको मिति २०७६।५।९ गतेको बैठकबाट निर्णय भइ अनुमोदनका लागि प्राप्त देहाका निर्णयहरु अनुमोदन गरियो ।

- विज्ञापन शुल्क उठाउने कार्यको लागि चालु आ.ब. का लागि न्यूनतम रु ५० लाख बार्षिक रकम तोकी ठेक्काबाट उठाउनका लागि ३ पटक सूचना आह्वान गर्दा समेत बोलपत्र नै बिक्री नभइ एउटा पनि बोलपत्र प्राप्त हुन नआएको हुँदा बार्षिक न्यूनतम रु ३८ लाख कायम गर्ने ।
- देहायका क्षेत्रमा पार्किङ. शुल्क उठाउने कार्यको लागि ठेक्का आह्वान गर्दा दुवै पटक एउटा पनि दरभाउपत्र पर्न नआएको हुँदा तीन स्थानका लागि छुट्टाछुट्टै रकम र सूचना प्रकाशन गरी आश्विन १ गतेदेखि २०७७ अषाढ मसान्तसम्मको लागि ठेक्काद्धारा पार्किङ्ग शुल्क उठाउने ।
  (क) आँखा अस्पताल वरिपरी रु १ लाख ५० हजार
  (ख) मालपोत कार्यालय वरिपरी रु २ लाख

०७६।६।८
तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(ग) जिल्ला प्रशासन कार्यालय वरिपरी रु ७५ हजार

- सि.न.पा वार्ड नं. १ स्थित हालको ल्याण्डफिल्ड साइटमा रहेको साइकल स्टाण्डको लागि २०७६ आश्विन १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको लागि रु १ लाख ५० हजारमा नघट्ने गरी ठेक्काबाट पार्किङ्ग शुल्क उठाउने ।
- चालु आ.ब. का लागि व्यवसाय कर, सम्पत्ती कर, मालपोत तथा भूमिकरमा २०७६ आश्विन सम्मका लागि १० प्रतिशत छुट दिने र सोको आगामी नगरसभाबाट अनुमोदन गराउने ।

**निर्णय नं. ७**

हाल सिद्धार्थनगर नगरपालिकाको कार्यालय रहेको भवन पुरानो भएको, स-साना भंवन र ग्यारेजका संरचनाहरु रहेका र जग्गाको पूर्ण उपयोग गर्न नसकिएको हुँदा उपयुक्त समयमा स्रोतको व्यवस्थापन गरी सो भवनको स्थानमा नयाँ बहु उपयोगी भवन निर्माण गर्नका लागि विस्तृत लागत अनुमान (DPR) तयारी गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

सिद्धार्थनगर नगरपालिकाका सूचना अधिकारीले नियमित रुपमा सूचनाहरु संप्रेषण गर्नुपर्ने, कार्यालय समय र स्थल बाहिर पनि इन्टरनेटको प्रयोग गर्नुपर्ने हुँदा सूचना अधिकारीका लागि संचार खर्च शीर्षकबाट मासिक रु. १०००। -एक हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

सिद्धार्थनगर नगरपालिका वडा नं. १० बस्ने बिनोद कुमार पाण्डेको नाममा दर्ता कायम रहेको "घ" वर्गको वागेश्वरी निर्माण सेवाको ईजाजत प्रमाण पत्र नं. ३०६/२२/०४६/०४७/२४७ को फर्म जिल्ला रुपन्देही वेतकुईया (२) हाल मायाँदेवी गाउँपालिका वडा नं. ५ बस्ने रामवकस लोधको छोरा विजय लोधले खरिद गरी घरेलु कार्यालय रुपन्देहीवाट समेत निजको नाममा नामसारी भई आएकोमा "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को अनुसुची ५ को (३) नं. बमोजिमको प्रकृया पुरा गरी निर्माण व्यवसाय ऐन, २०७४ को दफा ११ बमोजिम गठित कार्यान्वयन समितिवाट नामसारीका लागी सिफारिश भई आए बमोजिमको ईजाजत प्रमाण पत्र नामसारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

हालै नजिकै आइरहेको नेपालीहरुको महान चाड तिहार, नेपाल सम्वत् र छठ पर्वको उपलक्ष्यमा सबै नगरबासीहरुलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

७६।६।८

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत